# पाठ २

# मानिस-परमेश्वरको कारिन्दा (भण्डारे)

के तपाईंले पाठ १ लाई अध्ययन गरिसक्नुभयो ? बधाई छ तपाईंलाई ! परमेश्वर तपाईंका स्वामी र सबै थोकका मालिक हुनुहुन्छ भनी अब तपाईंले महसूस गर्नुभएको छ, के गर्नुभएको छैन र ? तर सम्भवतः तपाईंले त्योभन्दा पनि धेरै गर्नुभएको होला ! निश्चय नै तपाईंले उहाँलाई तपाईंको जीवनका सार्वभौम प्रभुका रूपमा स्वीकार गरिसक्नुभएको छ ।

तब, परमेश्वरका थोकहरूका कारिन्दा वा भण्डारेका रूपमा तपाईंको आफ्नो भूमिकाको बारेमा यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ । तर तपाईंले आफ्नो भूमिकालाई कसरी पूरा गर्न सक्नुहुन्छ ? सर्वप्रथम, येशूको जीवनले हामीलाई दिने उदाहरणलाई तपाईंले अध्ययन गर्नुहुनेछ । तपाईंको भूमिका बुझ्नका लागि यसले तपाईंलाई सहयोग पुऱ्याउनेछ । तब परमेश्वरका कारिन्दाका रूपमा तपाईंलाई कस्ता योग्यताहरू चाहिन्छ र तपाईंका कस्ता जिम्मेवारीहरू छन् भन्ने कुरा तपाईंले पत्ता लगाउनुहुनेछ ।

तपाईंले यस पाठलाई अध्ययन गर्दैजानुहुँदा पत्ता लगाउनुहुनेछ कि कारिन्दापन जीवनको एक भागसँग मात्र होइन, तर सम्पूर्ण ख्रीष्टियान जीवनसँग सम्बन्धित हुन्छ । अनि, तपाईंले सिक्नुभएका सत्यताहरूलाई व्यवहारमा लगाउनुभयो भने "श्याबास, असल र इमान्दार नोकर" भनिने अचम्मका शब्दहरूलाई एकदिन तपाईंले सुन्नुहुनेछ ।

## पाठको रूपरेखा

कारिन्दा हुने धारणा

येशू, कारिन्दाका हाम्रा उदाहरण

कारिन्दाका माग (योग्यता) हरू

कारिन्दाका जिम्मेवारीहरू

परमेश्वरको सम्पत्ति



## पाठका उद्धेश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले:

- परमेश्वरको कारिन्दा हुनुको अर्थ एक विश्वासीको निम्ति के हुन्छ सो व्याख्या गर्न सक्नुपर्नेछ।
- कस्तो किसिमको व्यक्ति असल कारिन्दा हुन्छ र उसका कर्तव्यहरू के के हुन् भन्ने सम्बन्धमा वर्णन गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. शुरुका अनुच्छेदहरू, रूपरेखा र उद्देश्यहरू पढ्नुहोस्। तपाईंले अर्थ नजान्नुभएका शब्दहरूलाई शब्दकोशमा भेट्टाउनुहोस् र तिनीहरूका अर्थहरूलाई सिक्नुहोस्।

२. पाठ विकास अध्ययन गर्नुहोस्, बाइबल पदहरू भेट्टाउनुहोस्, अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्, तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्, र पाठलाई समीक्षा गर्नुहोस् । तब स्वयम्-जाँचलाई पूरा गर्नुहोस् र यस अध्ययन पुस्तकको पछाडि दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् ।

३. तपाईंले पाठ र स्वयम्-जाँचलाई पूरा गर्नुभएपछि, एकाइ १ (पाठ १ र २) लाई समीक्षा गर्नुहोस् । तब एकाइ १ को निम्ति एकाइ विद्यार्थी प्रतिवेदनलाई पूरा गर्नुहोस् र एकाइ १ को उत्तरपृष्ठलाई तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशककहाँ पठाउनुहोस् ।

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| योग्यताहरू | दृष्टान्त | अस्थायी |
| आर्थिक | भूमिका | भरोसा |
| लगानी | मातहत | |

---

## पाठ विकास

### कारिन्दा हुने धारणा

उद्देश्य १. *कारिन्दा र मालिकका बीचको भूमिकालाई छुट्ट्याउनुहोस् ।*

### सामान्य अर्थहरू

आजको प्रयोगमा कारिन्दा वा भण्डारे शब्दका विभिन्न अर्थहरू छन् । तर पनि एक वा अर्को किसिममा, ती सबैले विशेष कामको प्रबन्ध गर्ने व्यक्तिलाई नै सम्बोधन गरेका हुन्छन् । यसरी, एक व्यक्ति ठूलो घर, खेतबारी, गाडी वा वाणिज्य व्यापारको कारिन्दा हुनसक्छन् । कारिन्दाचाहिँ मालिक होइन, तर आफ्नो सम्पत्तिको केही भाग वा पूरै सम्पत्तिको प्रबन्ध मिलाउनका लागि मालिकद्वारा नियुक्त गरिएका कोही व्यक्ति हुन् ।

यद्यपि, बाइबलमा, कारिन्दा वा भण्डारे शब्दले प्रायःजसो मालिकको सम्पत्तिको प्रबन्ध गर्ने नोकरलाई सम्बोधन गरेको हुन्छ (उत्पत्ति ४४:१; मत्ती २०:८; लूका १६:१) । कारिन्दाका मालिकले उसमाथि पूरा भरोसा राख्थे । उसको इमानदारिता प्रमाणित भएको कारण उसलाई यो स्थान दिइएको हुन्छ (उत्पत्ति १५:२-३;३९:४) ।

राजाको सम्पत्तिको प्रबन्ध मिलाउने कर्मचारीलाई पनि कारिन्दा भनिएको छ (१ राजा १६:९; १ इतिहास २८:१; लूका ८:३)। यस परिस्थितिमा कारिन्दाचाहिँ नोकर होइनन् तर राजाका विश्वासयोग्य कार्यकर्ता थिए।

यदि हामीले मालिकसँग कारिन्दालाई तुलना गर्‍यौं भने यसको धारणा हामी अझै राम्रोसँग बुझ्न सक्छौँ। किनकि यी दुइका बीचमा आधारभूत भिन्नता छ। तलको रेखाचित्रले यो देखाउँछ:

| **कारिन्दा** | **मालिक** |
|---|---|
| मालिकको इच्छाअनुसार उसले सम्पत्ति प्रयोग गर्नुपर्छ। | आफ्नो सम्पत्ति कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा उनी सार्वभौम छन्। |
| मालिकको सम्पत्ति उसले कसरी प्रयोग गर्छ त्यसको हिसाब दिनुपर्छ। | आफ्नो सम्पत्ति उनले कसरी प्रयोग गर्छन् भन्ने विषयमा उनले कसैलाई हिसाब दिनुपर्दैन। |

१. कुनचाहिँ व्यक्तिले कारिन्दाको रूपमा काम गरिरहेको छ ?

क. एस्तरले आफूले बुनेको खास्टो बेच्ने निर्णय गरिन्।

ख. कति किलो आलु खनियो भन्ने सम्बन्धमा जीवनले प्रतिवेदन दिन्छन्।

ग. आफ्नो जमीनको प्रयोगको बारेमा जोएलले निर्देशन दिन्छन्।

## खास ख्रीष्टियान अर्थ

उद्देश्य २. *कारिन्दाका रूपमा विश्वासीको भूमिकाको बारेमा बाइबलले भनेका कुरालाई उल्लेख गर्ने बयानलाई पहिचान गर्नुहोस्।*

हाम्रो अध्ययन ख्रीष्टियान कारिन्दापनको अध्ययन हो। त्यसैले त कारिन्दा हुनु भनेको ख्रीष्टियानको निम्ति के अर्थ लाग्छ सो हामीले बुझ्नु अति महत्त्वपूर्ण छ। कारिन्दापनको अर्थको सामान्य ज्ञान पर्याप्त छैन ! ख्रीष्टियान दृष्टिकोणबाट प्रत्येक व्यक्ति, तर विशेष गरी ख्रीष्टियानचाहिँ परमेश्वरको सम्पत्तिको कारिन्दा हो। अस्तित्वमा भएका सबै थोकहरूका मालिक परमेश्वर नै हुनुभएका हुनाले,

पृथ्वीमा हुँदा हाम्रो आधारभूत उद्देश्यचाहिँ उहाँले हाम्रा जिम्मामा दिनुभएका थोकहरूलाई उहाँका इच्छाअनुसार सञ्चालन गर्नु हो ।

सम्भवत तपाईसँग अति थोरै भौतिक सम्पत्ति छ भने, मैले प्रबन्ध मिलाउनु पर्ने माल-मत्ताहरू के होलान् ? भनी तपाईले आफूलाई प्रश्न सोध्दै हुनुहुन्छ होला । तपाईंका लागि मेरो जवाफ यही नै हुन्छ कि यी माल-मत्ताहरूचाहिँ तपाईंले परमेश्वरबाट पाउनुभएका सबै थोकहरू हुन् । येशूका वचनहरू अनुसार, तपाईंको प्राण चाहिँ पूरा संसारभन्दा बढी मूल्यको सम्पत्ति हो (मत्ती १६:२६) । परमेश्वरको इच्छाअनुसार प्रबन्ध गर्न विभिन्न थोकहरूका रूपमा परमेश्वरले हामीलाई हाम्रा भौतिक शरीरहरू, समय, खूबीहरू र सुसमाचार दिनुभएको छ ।

हामी परमेश्वरका सम्पत्ति मात्र होइनौं तर उहाँका कारिन्दाहरू पनि हौं । मानिस परमेश्वरको कारिन्दा हो भन्ने विचार नयाँचाहिँ अवश्य पनि होइन, किनकि हामी यसलाई पुरानो करारमा पाउँछौं । यद्यपि, हामीले नयाँ करार अध्ययन गर्दा, हामी देख्छौं कि येशूले नै यस विचारको पूर्ण अभिव्यक्ति दिनुभएको थियो । यसरी यसको प्रकटीकरणमा दुई मुख्य पक्षहरूलाई हामी विचार गर्न सक्छौं ।

*पुरानो करारमा*

अन्य धेरै सिद्धान्तहरूजस्तै, मानिसको कारिन्दापनको सिद्धान्तलाई पुरानो करारमा पूर्ण रूपमा प्रकट गरिएको छैन । यद्यपि, मानिस परमेश्वरको कारिन्दा हो भनी हामीलाई देखाउने संकेतहरू भने त्यहाँ छन् ।

१. *परमेश्वरले मानिसलाई अदनको बगैंचाको जिम्मा दिनुभयो ।* बगैंचामा त्यसको गोडगाड र हेरचाहा गर्न उहाँले उसलाई राख्नुभयो (उत्पत्ति २:१५) । उसले त्यहाँ कसरी काम गर्नुपर्छ भन्ने सम्बन्धमा उहाँले उसलाई विशेष निर्देशनहरू दिनुभयो (उत्पत्ति २:१६-१७) । आफ्नो जिम्मेवारीमा मानिस असफल भएपछि, उसले आफ्ना कामहरूको विवरण परमेश्वरलाई दिनुपरेको थियो (उत्पत्ति ३:११-१२) । उसलाई अदनको बगैंचाबाट निकालियो (उत्पत्ति ३:२३-२४) ।

२. *आफूले इच्छागरेअनुसार आफू जिउन नसकेको कुरा शुरुको समयबाट नै मानिसले जानेको थियो ।* यस तथ्यबाट यो स्पष्ट हुन्छ कि खास विशेष समयहरूमा मानिसले परमेश्वरको सामु आफूलाई प्रस्तुत गर्नु परेको थियो ।

उसले रित्तो हातले कहिल्यै पनि यसो गर्न सक्दैनथ्यो (व्यवस्था १६:१६) । कयिन र हाबिल भेटीहरू लिएर परमेश्वरमा आएका तथ्यले देखाउँछ कि पहिलो मानव प्राणीहरूले पनि यसलाई बुझेका थिए (उत्पत्ति ४:३-४) ।

३. *आफ्ना भाइको जीवनसँग आफूले चाहेकोजस्तो गर्न सक्ने स्वतन्त्रता नभएको कुरा कयिनले पत्ता लगाए ।* उनले हाबिललाई मारेपछि, आफ्नो अपराधको निम्ति उनले परमेश्वरमा जवाफ दिनुपरेको थियो (उत्पत्ति ४:९-१०) ।

४. *प्रत्येक इस्राएली र सम्पूर्ण राष्ट्र नै परमेश्वरले उसलाई दिनुभएको भूमिको कारिन्दा थियो* (व्यवस्था ११:८-३२; ३०:१९-२०) । परमेश्वरले इस्राएलीहरूलाई भन्नुभए अनुसार इस्राएलीहरू त्यस देशमा नजिएका कारण, यसलाई छोड्नको निम्ति तिनीहरूलाई जवरदस्ती गरिएको थियो ।



*नयाँ करारमा*

दुष्ट मोहीहरूको दृष्टान्तमा इस्राएल कारिन्दा थियो भनी येशूले स्पष्टसँग सिकाउनुभएको छ (मत्ती २१:३३-४३) । यस दृष्टान्तमा गृहस्थीले परमेश्वरलाई प्रतिनिधित्व गर्छ, मोही वा कारिन्दा इस्राएल हो, र दाखबारी (राज्य) चाहिँ सम्पत्ति हो । परमेश्वरको स्वामित्वलाई स्वीकार गर्न इस्राएल असफल भएको कारण, उहाँले राज्यलाई तिनीहरूबाट लिनुभयो । तर मत्ती २५:१४-३० मा हरेक मानव प्राणी कारिन्दा हो भनी येशूले सिकाउनुभयो । यो दृष्टान्तअनुसार, मानिस आफ्नो जीवनको मालिक होइन । ऊ कारिन्दा हो र उसले जुन किसिमले यसको प्रबन्ध मिलाउँछ त्यसको निम्ति ऊ साँचो मालिकप्रति जिम्मेवार हुन्छ ।

प्रत्येक मानिस परमेश्वरको कारिन्दा हो भन्ने तथ्यलाई बेवास्ता नगरी, प्रेरितहरूले हरेक ख्रीष्टियान पनि कारिन्दा हो भनी जोड दिएका छन् (१ पत्रुस ४:१०)। हामी हरेकले परमेश्वरबाट एउटा वरदान प्राप्त गरेका छौं। तर हामीले चाहेजस्तै गरी प्रयोग गर्न सक्ने मानिसहरूबाटका वरदानहरूका विपरीत, परमेश्वरबाटको वरदान हामीलाई दिइएको जिम्मा हो जसलाई हामीले उहाँको इच्छाअनुसार सञ्चालन गर्नुपर्छ।

२. कारिन्दाको रूपमा विश्वासीको भूमिकाको बारेमा बाइबलले हामीलाई के सिकाउँछ ?

क. असल कारिन्दाहरू बन्ने बारेमा धनी विश्वासीहरूले मात्र फिक्री गर्नु आवश्यक छ।

ख. एक विश्वासीले आफूले चाहेजस्तै गरी परमेश्वरका वरदानहरू प्रयोग गर्न ऊ स्वतन्त्र छ।

ग. आफ्ना थोकहरूका साँचो मालिक परमेश्वरलाई नै विश्वासीहरूले जवाफ दिनुपर्छ।

३. मानिलिऔं, कारिन्दाहरूका रूपमा हाम्रो भूमिकाको बारेमा येशूले भन्नुभएको कुरालाई तपाईं बताउँदै हुनुहुन्छ। यसको निम्ति प्रयोग गर्नका लागि कुनचाहिँ बाइबल खण्ड सबैभन्दा उत्तम हुन्छ ?

क. लूका ८:९-१५

ख. लूका ११:३३-३६

ग. लूका १५:११-३२

घ. लूका १९:११-२७

## येशू, कारिन्दाका हाम्रा उदाहरण

उद्देश्य ३. *कसरी येशूले असल कारिन्दाको उदाहरण दिनुहुन्छ भनी देखाउने बाइबल पदहरूलाई पहिचान गर्नुहोस्।*

अहिलेसम्म हामीले दुई महत्त्वपूर्ण सत्यतालाई विचार गरेका छौं: १) परमेश्वर सबै थोकका मालिक हुनुहुन्छ र २) मानिस परमेश्वरको सम्पत्तिको कारिन्दा हो। कारिन्दाहरूका रूपमा हाम्रो भूमिकालाई हामीले कसरी कार्यान्वयन गर्नुपर्छ भनी

पत्ता लगाउनुमा नै अहिले हाम्रो चासो रहेको छ । यसलाई पत्ता लगाउनका लागि हामीलाई सहयोग पुऱ्याउनमा हामीलाई अति आवश्यक पर्ने कुराचाहिँ पछ्याउन सक्ने असल उदाहरण हो । अनि प्रभु येशूभन्दा अझै उत्तम उदाहरण त्यहाँ अर्को केही हुन सक्छ र ? उहाँ आदर्श कारिन्दा हुनुहुन्छ ।

## परमेश्वरको प्रबन्धक

आफ्नो पृथ्वीको जीवन कारिन्दापनको जीवन हो भनी येशूलाई आफ्नो बाल्याकालदेखि नै थाहा थियो । एकपल्ट योसेफ र मरियमले यरूशलेमको यात्राको समय अवधिमा येशूलाई गुमाएको कुरा सुसमाचार लेखक लूकाले हामीलाई बताएका छन् । धेरै खोजतलास गरेपछि, अन्त्यमा तिनीहरूले उहाँलाई यरूशलेमको मन्दिरमा भेट्टाएका थिए । सानै केटा हुनु भए पनि, उहाँ धार्मिक अगुवाहरूसँग गम्भीर कुराकानीमा संलग्न हुनुभएको थियो ! उहाँले किन यसो गर्नुभयो भनी उहाँलाई सोधिँदा, उहाँ पिताका घरमा हुनुपर्छ र पिताका काम कुराहरूमा सरोकारित हुनुपर्छ भनी उहाँले जवाफ दिनुभयो (लूका २:४९) । परमेश्वरका चासोका कुराहरू गर्नका निम्ति, वास्तवमा परमेश्वरले येशूलाई पठाउनुभएको थियो । अनि येशूले ढीलो नगरिकनै त्यस काममा आफूलाई समर्पण गर्न चाहनुभयो, किनकि एक असल कारिन्दाले उसका आफ्नै कुराहरूको सरोकार गर्नुभन्दा पहिले आफ्ना मालिकको इच्छालाई पूरा गर्छ ।



## परमेश्वरको दास

प्रभु हुनुभएका हुनाले येशू सेवा गरिनुको योग्य हुनुहुन्थ्यो, तर उहाँले भन्नुभयो कि उहाँ "सेवा पाउन होइन, तर सेवा गर्न आउनुभएको थियो" (मर्कूस १०:४५)। परमेश्वरले उहाँलाई "मेरो दास" (यशैया ४२:१) भनी परिचित गराउनुभयो, किनकि उहाँले "दासको स्वभाव लिनुभयो" (फिलिप्पी २:७)। कारिन्दा दास थिए र आफ्ना मालिकले आफूलाई भनेको कुरा उनले गर्नुपर्ने हुन्थ्यो। उनको कामचाहिँ सेवा गर्नु थियो। अनि असल कारिन्दाका रूपमा येशूले उहाँको आफ्नै इच्छा कहिल्यै पूरा गर्नुभएन तर उहाँका मालिक र हाम्रो इच्छा पूरा गर्नुभयो (लूका २२:४२)।

## परमेश्वरको कामदार

कारिन्दाले आफ्नो निम्ति होइन तर आफ्ना मालिकका निम्ति काम गर्छ। यसरी नै परमेश्वरले उहाँलाई सुम्पनुभएको काम पूरा गर्नका लागि येशू आउनुभयो (यूहन्ना ५:३६; ९:४)। आफ्नो सेवाकार्यको अन्त्यमा उहाँले सन्तुष्टिसाथ यसो भन्नसक्नुभयो: "जुन काम गर्न तपाईंले मलाई दिनुभयो सो काम मैले पूरा गरेको छु" (यूहन्ना १७:४)। कति अचम्मको कारिन्दा !

४. परमेश्वरका कामदारका रूपमा येशू कारिन्दाका हाम्रा उदाहरण हुनुहुन्छ भनी कसैलाई देखाउनका लागि तपाईंले कुन पद प्रयोग गर्नुहुन्छ ?

क. यशैया ४२:१

ख. लूका २:४९

ग. यूहन्ना १७:४

घ. १ पत्रुस ४:१०

## कारिन्दाका निम्ति माग (योग्यता)हरू

उद्देश्य ४: *असल कारिन्दा कस्तो किसिमको व्यक्ति हो भनी देखाउने बयानहरूलाई छान्नुहोस्।*

परमेश्वरका कारिन्दामा हुनै पर्ने तीनवटा योग्यताहरू नयाँ करारले दिएको छ। यीचाहिँ तल उल्लिखित हुन्: विश्वासयोग्यता, इमानदारिता र बुद्धि।

## विश्वासयोग्यता

कारिन्दाचाहिँ मालिकको विश्वासपात्र भएको हुनाले, ऊ विश्वासयोग्य हुनुपर्छ भनी प्रतीक्षा गरिएको हुन्छ। एक विश्वासयोग्य कारिन्दा त्यो हो जसले आफ्ना सबै जिम्मेवारीहरू पूरा गर्छ र आफ्ना मालिकका इच्छाअनुसार काम गर्छ। यसको विपरीत, अविश्वासयोग्य कारिन्दाचाहिँ त्यो हो जसले आफ्नै कल्याण मात्र सोच्छ र आफ्ना मालिकको सम्पत्तिलाई अवहेलना वा दुरुपयोग गर्छ (लूका १६:१) अब हामीहरू प्रत्येक परमेश्वरको सम्पत्तिका कारिन्दा हौं र उहाँले हामीलाई विश्वासयोग्य भएको चाहनुहुन्छ (१ कोरिन्थी ४:१-२)। उदाहरणको लागि, यदि तपाईंमा असल स्वास्थ्य र अति उत्तम मन छ भने, तपाईंको आफ्नै फाइदाको निम्त होइन तर उहाँको सेवाको नीम्त यी कुराहरू तपाईंले प्रयोग गर्नुभएको परमेश्वरले चाहनुहुन्छ।

## इमानदारिता

परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले सेवकचाहिँ दोषरहित हुनुपर्छ भनी हामी तीतस १:७ मा पढ्छौं। यसको अर्थ यही हुन्छ कि परमेश्वरका स्रोतहरू वा मालसामानहरूका प्रबन्धकका रूपमा उनको चालचलन दोषरहित हुनुपर्छ; अर्थात् कसैले पनि उनलाई दोषी नठहऱ्याउने किसिमले उनी जिउनुपर्छ।

खराब प्रबन्धकको कारण कहिलेकहीं मानिसहरूले मालिकको बारेमा तल्लो स्तरको धारणा राखेका हुन्छन्। सम्भवतः तिनीहरूले प्रबन्धक वा कारिन्दासँग मात्र व्यवहार गर्छन् र मालिकलाई चाहिँ चिनेका हुँदैनन्। मालिकचाहिँ असल र उदारचित्तका व्यक्ति र उनका कारिन्दाचाहिँ कठोर र लोभी हुनसक्छन्। यदि बोअजका कारिन्दाले रुथलाई खेतमा जान नदिएका भए बोअजका बारेमा तिनले कस्तो विचार गर्ने थिइन् होला ? (रूथ २:७)। आफ्ना चेलाहरूको कठोरतालाई यदि येशूले नहप्काउनुभएको भए येशूकहाँ आफ्ना छोराछोरीहरूलाई ल्याउने मानिसहरूले उहाँका बारेमा के विचार गर्थे होलान् ? (मर्कूस १०:१३-१६)। तर परमेश्वरका कारिन्दाहरूका रूपमा हामीले गरेका असल कुराहरूलाई यदि मानिसहरूले देखे भने, स्वर्गमा हुनुभएका मालिकलाई तिनीहरूले प्रशंसा गर्नेछन् (मत्ती ५:१६)।

विश्वासयोग्यताचाहिँ आफ्ना मालिकसँगको सम्बन्धमा कारिन्दाको ठीक व्यवहार हो भनी हामी भन्न सक्छौं । यसको विपरीत इमानदारिता चाहिँ अरूहरूसँगको सम्बन्धमा कारिन्दाको ठीक व्यवहार हो । येशूले हामीलाई यी दुवैको उदाहरण दिनुभएको छ, किनकि उहाँ "परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो" (लूका २:५२) ।

परमेश्वरप्रतिको हाम्रो कर्तव्यलाई हामी पूरा गरौं र मानिसहरूका सामु उहाँलाई राम्रोसँग प्रतिनिधित्व पनि गरौं ।

५. मर्कूस १०:१३-१६ मा वर्णन गरिएको घटनामा येशूका चेलाहरूले इमानदारितासाथ व्यवहार गरेका थिएनन् किनकि

..........................................................................................................

**बुद्धि**

असल कारिन्दा हुनका लागि एक व्यक्तिको निम्ति बुद्धिको अति आवश्यकता पर्छ । एक असल कारिन्दाले स्रोतहरूको राम्रो परिचालन गर्छ, नोक्सान हुनदिँदैन, आवश्यकताहरूलाई पूरा गर्नका लागि सामानहरूलाई वितरण गर्छ र मौकाहरूको उपयोग गर्छ । यसरी उसले आफ्ना मालिकको इच्छालाई समृद्धिमा लैजान्छ ।

असल कारिन्दा वा प्रबन्धक हुनका लागि एक व्यक्तिलाई व्यवस्थापनको केही ज्ञान हुनु आवश्यक पर्ने कुरा साँचो हो । कुनै पाठ्यपुस्तक अध्ययन गरेर तपाईंले प्राप्त गर्ने कुरा बुद्धि होइन ! अध्ययनमालाको अन्त्यमा, कसैले पनि "बुद्धिमान मानिस"को प्रमाण पत्र पाएको कुरा अहिलेसम्म मलाई थाहा छैन ! तर ख्रीष्टियान कारिन्दाले सबै उत्तम शिक्षकहरूबाट बुद्धिका पाठहरू सिक्नसक्छ (याकूब १:५) । यो बुद्धिले निश्चय पनि उसलाई कारिन्दाको भूमिकालाई पूरा गर्न सहयोग पुऱ्याउँछ ।

योसेफ बुद्धिमान कारिन्दाका एक अति उत्तम उदाहरण हुन् जो परमेश्वरको विद्यालयमा शिक्षित भएका थिए । पोतिफरको नोकरको रूपमा र झ्यालखानमा कैदीका रूपमा उनले गरेका सबै काममा उनको कसरी समृद्धि भयो सो कुरा हेर्नु अति चाखलाग्दो छ (उत्पत्ति ३९:२-३; २२:२३) । अनि योसेफको बुद्धिमानी व्यवस्थापनले मिश्रदेश र त्यस बेलाको संसारलाई अनिकालबाट बचाएको थियो ! (उत्पत्ति ४१:५४-५७) ।



येशूले भन्नुभयो, “विश्वासी र बुद्धीमानी भण्डारे त्यही हो जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्” (लूका १२:४२)। परमेश्वरले हाम्रा जिम्मामा हामीलाई दिनुभएका थोकहरूलाई हामीले बुद्धिमानीपूर्वक प्रयोग गरेको परमेश्वरले चाहनुहुन्छ। अनन्त मूल्यका थोकहरूको बेवास्ता गर्ने र थोरै मूल्यका अस्थायी थोकहरूलाई मात्र प्रबन्ध गर्न जान्ने मूर्ख धनीजस्तै हामी नहोऔं (लूका १६:१९-३१)।

६. असल कारिन्दाको निम्ति माग गरिएका विवरणहरू वा उदाहरणहरूलाई यसको नाम दिने शब्दसँग जोडा मिलाउनुहोस्।

.... क. सम्भव भएसम्म स्रोतहरूको अति उत्तम प्रयोगसँग सम्बन्धित। — १) विश्वासयोग्यता

.... ख. यस योग्यताको कमीको कारण येशूका चेलाहरूलाई हप्काइएको थियो। — २) इमानदारिता

.... ग. मालिकको इच्छालाई पूरा गर्नेसँग सम्बन्धित।

.... घ. योसेफ यस योग्यताका असल उदाहरण हुन्।

.... ङ. मानिसहरूका सामु कारिन्दाको व्यवहारसँग सम्बन्धित छ।

## कारिन्दाका जिम्मेवारीहरू

उद्देश्य ५. *असल कारिन्दाका रूपमा तपाईंमा भएका जिम्मेवारीहरूलाई वर्णन गर्ने उदाहरणहरूलाई छान्नुहोस् ।*

## आज्ञाहरूलाई पालन गर्नु

सम्पत्तिलाई के गर्ने भनी निर्णय बनाउने काम कारिन्दाको नभएर मालिकको हो भन्ने कुरा हामीले देखिसकेका छौँ । मानिलिऔं एउटा किसानले आफ्नो खेतमा धान रोप्ने निर्णय गरे । उनका कारिन्दाले गहुँको बीउ किन्नुको सट्टा गाई किने भने के उनलाई मनपर्छ होला ? कारिन्दाका रुपमा उनले गर्न नपर्ने कुरालाई के उनले गरिरहेका होइनन् त ? किनकि कारिन्दाको जिम्मेवारी चाहिँ सम्पत्ति कसरी प्रयोग हुन्छ भन्ने सम्बन्धमा मालिकका आज्ञाहरूलाई पालन गर्नु हो । कारिन्दाले उसका आफ्नै विचारहरू अनुसार निर्णयहरू बनाउन मिल्दैन । यसरी नै आफ्नो सम्पत्तिसँग के गर्ने भन्ने निर्णय परमेश्वरले गर्नुहुन्छ भन्ने कुरा नै हामीले जान्नुपर्छ । हामीले उहाँका आज्ञाहरूलाई पालन मात्र गर्नुपर्छ ।



परमेश्वरका आज्ञाहरू के हुन् भनी पत्ता लगाउन म कहाँ जानसक्छु ? भनी तपाईंले आफैलाई प्रश्न सोध्नुहोला । तपाईं बाइबलमा जानैपर्छ । परमेश्वरका विभिन्न थोकहरूलाई हामीले कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा आवश्यकीय खास आज्ञाहरू बाइबलमा छन् । उदाहरणको लागि, तपाईंले आफ्नो मन कसरी प्रयोग गर्नुहुन्छ भन्ने कुरा के तपाईं जान्न चाहनुहुन्छ ? फिलिप्पी ४:८ हेर्नुहोस् । अनि तपाईंको समयको सम्बन्धमा ? एफिसी ५:१६ पढ्नुहोस् । अनि सुसमाचारको सम्बन्धमा ? मर्कूस १६:१५ ले भनेको कुरालाई विचार गर्नुहोस् ।

एक कारिन्दाले आफ्ना मालिकका आज्ञाहरू पालन गर्न बाहेक अरू केही गर्न सक्दैन। उसका कर्तव्यहरूमध्ये यो एउटा हो। यसैले त प्रेरित पावलले भनेका छन् : “प्रचार गर्न म बाध्य छु। सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ!” (१ कोरिन्थी ९:१६)। यो काम उनको कारिन्दापनको एक भाग थियो (१ कोरिन्थी ९:१७), र उनले यसलाई राम्रोसँग कार्यान्वयन गर्न चाहन्थे।

## अगुवाइ खोज्नु

आफ्ना मालिकबाट अझै आज्ञाहरू प्राप्त गर्नका लागि कारिन्दाले बेला-बेलामा उनीसँग कुराकानी गर्नुपर्ने हुन्छ। यसरी नै हामीले पनि अगुवाइ माग्नका लागि स्वर्गमा हुनुहुने हाम्रा पितासँग प्रार्थनामा कुराकानी गर्नुपर्छ। परमेश्वरले एकैपल्ट उहाँका सबै आज्ञाहरू हामीलाई दिनुहुन्न। उहाँले अलिअलि गरी दिनुहुन्छ। उदाहरणको लागि, ऊर शहर छोडेर परमेश्वरले अब्राहामलाई पछि देखाउनुहुने भूमिमा जानका लागि शहर छोड्नू भनी परमेश्वरले उनलाई भन्नुभयो (उत्पत्ति १२:१) आफू कहाँ जाँदैछु भन्ने कुरा नजानीकन नै उनी निस्के (हिब्रू ११:८)। उठेर दमस्कसमा जाऊ भनी शाऊललाई भनिएको थियो (प्रेरित ९:६)। उनले के गर्नुपर्ने हो सो परमेश्वरले नै उनलाई त्यहाँ बताउनु हुने थियो। धेरै वर्ष पछि पनि शाऊल अर्थात् प्रेरित पावलले लगातार रूपमा सुसमाचार प्रचार गर्नुभन्दा पहिले परमेश्वरका निर्देशनहरूलाई फेरि पर्खनु परेको थियो (प्रेरित १६:६-१०)।

७. परमेश्वरका कारिन्दाका रूपमा तपाईंले कसरी कार्य गर्नुपर्छ भनी बताउने प्रत्येक विवरणको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क. मैले नयाँ परिस्थितिको सामना गर्नुपर्दा मेरो जीवनको निम्ति थप निर्देशनको लागि म परमेश्वरमा पर्खन्छु।

ख. मेरा माल-मत्ताहरूलाई के गर्नुपर्छ भन्ने सम्बन्धमा निर्णय गर्दा संसारमा भएका मानिसहरूका सल्लाहलाई म पछ्याउँछु।

ग. परमेश्वरको कारिन्दाको रूपमा मेरा निम्ति उहाँले राख्नुभएका निर्देशनहरू के के हुन् भनी जान्न मैले बाइबललाई खोज्नुपर्छ।

घ. मैले केही कुरा गर्नु पहिले नै मलाई सम्पूर्ण निर्देशन दिनका लागि म परमेश्वरमा प्रतीक्षा गर्नसक्छु।

## लगानी गर्नु

लगानी गर्नुचाहिँ नाफा गर्ने उद्देश्यले केही थोक किन्नु हो । यदि तपाईंले आफ्नो परिवारसँग खानका लागि एउटा खसी किन्नुभयो भने त्यो तपाईंको नियमित खर्चमा नै गरिन्छ; तर यसलाई पछि बेच्नका लागि तपाईंले किन्नुभयो भने, तपाईंले लगानी गरिरहनुभएको हुन्छ ।



आफ्ना मालिकको सम्पत्तिलाई समृद्धि गर्ने किसिमले एक कारिन्दाले लगानी गर्नुपर्छ । तीन जना नोकरहरूका दृष्टान्तमा दुइ जना नोकरहरूले यसै गरेका कुरा हामी पढ्छौं (मत्ती २५:१४-२३) । परमेश्वरले हाम्रा जिम्मामा राखिदिनुभएका स्रोतहरूलाई पनि हामीले यसै गर्नुपर्छ ।

*ख्रीष्टियान तरीकाको लगानी*



ख्रीष्टियान कारिन्दापनको एक भागको रूपमा एक व्यक्तिले कसरी लगानी गर्न सक्छ ? तपाईंले हरेक पल्ट लगानी गर्नुहुँदा तपाईसँग भएको केही कुरालाई खर्च गर्नुपर्ने हुन्छ, के तपाईंले त्यसो गर्नु पर्दैन र ? तपाईंले पहिले नछरिकन कटनी गर्न सक्नुहुन्न ! परमेश्वरका कारिन्दाका रूपमा तपाईंले लगानी गर्नुहुँदा, तपाईंसँग भएका केही कुरालाई तपाईं दिनुहुन्छ । योचाहिँ तपाईंको जीवन, तपाईंको समय, तपाईंका खूबीहरू, तपाईंको रूपियाँ-पैसा, वा अरू नै केही कुरा हुनसक्छ ।

अझ धेरै प्राप्त हुन्छ भन्ने निश्चयतासाथ तपाईं दिनुहुन्छ। अनि त्यसो नै हुन्छ! परमेश्वरले तपाईंलाई अझ धेरै दिनुहुन्छ, यसरी तपाईं लगानी गर्दै जानसक्नुहुन्छ (२ कोरिन्थी ९:६,८)।

हामीले दिंदा यस कुरालाई कहिल्यै भुल्नुहुँदैन कि हामीले परमेश्वरबाट प्राप्त गरेका थोकहरूलाई मात्र व्यवस्थापन गरिरहेका छौं। किनकि दिने वा खर्च गर्ने केही कुरा पनि वास्तवमा हाम्रो होइन; सबै थोक परमेश्वरबाटको हो (१ इतिहास २९: १४, १६)।

लगानीको निम्ति परमेश्वरका योजना

लगानीका लागि परमेश्वरले जुन योजना बनाउनुभएको छ, उहाँका सन्देशबाहकका रूपमा हामीले यसलाई पछ्याउनैपर्छ। यस योजनाअनुसार, परमेश्वरले हाम्रा जिम्मामा दिनुभएका सबै थोकलाई हामीले तीन भागमा विभाजन गर्नुपर्छ। तलको रेखाचित्रमा हामीले देखेझैं, जुन व्यक्तिले यसलाई प्राप्त गर्नुपर्ने हो सो हामीले त्यस व्यक्तिलाई नै दिनुपर्छ :

३. हामी आफै
२. अरूहरू
१. परमेश्वर

१. परमेश्वरले हामीलाई दिनुहुने कुराहरूलाई विशेष गरी उहाँ आफ्नै निम्ति आरक्षित गर्नुहुन्छ : क) पहिलोहरू; उदाहरणको लागि, उहाँले पहिलो जन्मेका छोराहरूलाई (प्रस्थान १३:२), पहिलो फलहरूलाई (व्यवस्था २६:१-४), र कब्जा गरिएको पहिलो शहरलाई (यहोशू ६:१७-१९) आरक्षित गर्नुभयो। ख) सबैभन्दा उत्तम थोक; उत्पत्ति ४:४; प्रस्थान १२:५; लेवी १:३। ग) सात भागमा एक भाग समय; विश्रामको दिन (प्रस्थान २०:९-१०)। घ) आम्दानीको दशौं भाग; दशांश (लेवी २७:३०, ३२)। यसरी नै परमेश्वरमा हामीले समर्पण गरेका सबै थोक परमेश्वरका नै हुन् (लेवी २७:१-२५)। परमेश्वरका कुराहरू परमेश्वरलाई नै दिनुभन्दा ठूलो लगानी अर्को त्यहाँ के हुन सक्छ र?

८. प्रस्थान २०:९-१० अनुसार हामीले परमेश्वरलाई हाम्रो के कुराको सातौं भाग दिनुपर्छ?

.......................................................................................................

२. परमेश्वरले हामीलाई जे दिनुभएको छ सो हामीले अरूहरूको कल्याणको निम्ति प्रयोग गर्नुपर्छ भन्ने कुरामा परमेश्वरले विशेष सरोकार राख्नुहुन्छ (हितोपदेश ३:२७-२८, १ पत्रुस ४:१०)। येशूले भन्नुभयो, "तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देओ" (मत्ती १०:८)। केही पनि दिन नसक्ने गरी कोही पनि गरीब छैन (प्रेरित ३:६)। लगानी गर्नसक्ने कमसेकम एउटा खूबी नभएको कोही व्यक्ति पनि छैन (मत्ती २५:१५)। भलाई गर्दा, तलको क्रममा हाम्रा छिमेकीहरूको आवश्यकतालाई हामीले विचार गरेको परमेश्वरले चाहनुहुन्छ : पहिलो हाम्रो परिवार (१ तिमोथी ५:८)। दोस्रो विश्वासीहरू वा विश्वासको परिवार (गलाती ६:१०)। तेस्रो, अरू मानिसहरू: गरीब (लेवी १९:१०), टुहुरा र विधवाहरू (याकूब १:२७) र आवश्यकतामा परेको हरेक व्यक्ति (मत्ती २५:३५-४०)।

३. के परमेश्वरले हाम्रा निम्ति केही पनि छोडिदिनु हुन्न र ? हो ! हामी उहाँका छानिएका र उहाँको स्वरूप र प्रतिरूपमा बनाइएका व्यक्तिहरू हौं। हाम्रो आफ्नै निम्ति सरोकार गर्नुको सट्टा हाम्रो छिमेकीको कल्याणको बारेमा हामीले सोचेको परमेश्वरले चाहनुहुन्छ भन्ने कुरा सत्य हो। तर हाम्रो कल्याणमा पनि उहाँको विशेष चासो छ (भजनसंग्रह ३४:१०; मत्ती ६:३१-३०; फिलिप्पी ४:१९; १ पत्रुस ५:७)। परमेश्वर कति अचम्मका मालिक हुनुहुन्छ ! कारिन्दाहरूका रूपमा यदि हामीले ईश्वरीय मालिकको सम्पत्तिको हेरचाहा गऱ्यौं भने, हामी उहाँका कारिन्दाहरूलाई उहाँले हेरचाहा गर्नुहुन्छ !

९. तपाईंले गर्न सक्नुहुने तीनवटा लगानीहरूको सूची तल दिइएको छ। तिनीहरूमा तपाईंले गर्नुहुने लगानीको क्रमलाई महत्त्वपूर्णताअनुसार १ देखि ३ को संख्या लेख्नुहोस्।

........ क. तपाईंको शहरका टुहुराहरूलाई दिनु    १) पहिलो
........ ख. अरू विश्वासीहरूलाई सहयोग गर्नु    २) दोस्रो
........ ग. तपाईंको परिवारको हेरचाहा गर्नु    ३) तेस्रो

## हिसाब दिनु

निर्धारित समयहरूमा र सामान्यतः वर्षमा एकपल्ट कारिन्दाले आफ्ना मालिकलाई प्रतिवेदन दिनुपर्ने हुन्छ। मालिकको सम्पत्तिको आर्थिक अवस्था कस्तो छ भन्ने कुरा उनले आफ्ना मालिकलाई बताउनुपर्छ। यस चलनलाई प्रयोग गर्दै

येशूले सिकाउनुभयो कि प्रत्येक व्यक्तिले परमेश्वरप्रति भएको आफ्नो कारिन्दापनको हिसाब दिनुपर्छ (मत्ती २५:१४-३०)। असल कारिन्दाहरूलाई इनाम र खराब कारिन्दाहरूलाई दण्ड दिइनेछ (लूका १२:४१-४८)।

विश्वासीहरूका रूपमा हामीले पनि परमेश्वरमा हिसाब दिनुपर्नेछ। उहाँले हाम्रा जिम्मामा राखिदिनुभएका कुराहरूलाई हामीले के गरेका छौं भन्ने कुरा हामीले उहाँलाई बताउनु पर्नेछ (१ कोरिन्थी ३:१३-१५)। प्रेरित पावलले यसो भन्दा ठूलो जिम्मेवारीको भारीलाई अनुभूति गरेका थिए: “सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ !” (१ कोरिन्थी ९:१६)। यसको विपरीत, यी अचम्मका शब्दहरू सुन्नका लागि योग्य हुने गरी, हाम्रा जिम्मेवारीहरूलाई हामी पूरा गरौं : “स्याबास, असल र विश्वासी नोकर ! तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु। तँ आफ्ना मालिकको खुशीमा सहभागी हो !” (मत्ती २५:२१)।

१० प्रभुका निम्ति लगानी गर्नका लागि हरेक व्यक्तिमा कमसेकम एउटा खूबी हुन्छ नै भनी हामीलाई सिकाउने बाइबल पद हुन हो ?

क. हितोपदेश ३:२७

ख. मत्ती २५:१५

ग. २ कोरिन्थी ९:६

घ. १ तिमोथी ५:८

११. यस वाक्यलाई ठीकसँग पूरा गर्ने हरेक वाक्यांशको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्: मैले असल कारिन्दाको रूपमा काम गरिरहेको हुन्छु जब

क. म याद गर्छु कि परमेश्वरले मेरा जिम्मामा दिनुभएको सम्पत्तिलाई मैले के गरेको छु भन्ने कुरा मैले परमेश्वरलाई बताउनुपर्नेछ।

ख. मैले मेरो परिवारका आवश्यकताहरूलाई हेरविचार गर्नुभन्दा पहिले मेरा मण्डलीका विश्वासीहरूका आवश्यकताहरूलाई म हेरविचार गर्छु।

ग. म परमेश्वरले मलाई दिनुभएका वरदानहरूलाई मैले कसरी प्रयोग गर्नुपर्ने हो भन्ने सम्बन्धमा मेरो आफ्नै विचारलाई पछयाउँछु।

घ. म परमेश्वरका कुराहरू उहाँलाई दिन्छु, मेरो परिवार र अरूहरूलाई सहयोग गर्छु, र मेरा आवश्यकताहरूको हेरचाहा गर्नका लागि उहाँमा भरोसा राख्छु।

## स्वयम्-जाँच

१. कारिन्दा त्यो व्यक्ति हो जसले
क. आफूले रोजेअनुसार मालिकको सम्पत्तिलाई प्रयोग गर्नसक्छ।
ख. मालिकको सम्पत्तिलाई के गर्नुपर्ने हो सो निर्णय गर्छ।
ग. मालिकको इच्छालाई पछ्याउनुपर्छ।

२. प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।
क. इस्राएलीहरू परमेश्वरका मानिसहरू भए तापनि, उहाँका कारिन्दाहरूका रूपमा तिनीहरू आफ्ना जिम्मेवारीमा असफल भए।
ख. इस्राएलीहरूले आफ्ना भूमि छोड्नुपरेको थियो, किनकि तिनीहरूका निम्ति त्यहाँ पर्याप्त खानेकुरा थिएन।
ग. परमेश्वरले मानिसलाई दिनुभएका खूबीहरूका मालिक ऊ आफै हो भनी येशूले सिकाउनुभयो।
घ. परमेश्वरबाट प्राप्त हरेक वरदानको निम्ति एक व्यक्तिले परमेश्वरलाई हिसाब दिनैपर्छ।

३. धार्मिक अगुवाहरूसँग मन्दिरमा कुराकानी गरिरहनुभएको अवस्थामा येशूका आमा-बाबुले उहाँलाई भेट्टाउँदा, केको विषयमा सरोकार राख्नका लागि उहाँ त्यहाँ हुनुहुन्थ्यो भनी येशूले बताउनुभयो ?
क. मन्दिर।
ख. उहाँका स्वर्गीक पिता।
ग. धार्मिक अगुवाहरू।

४. बुद्धिको गुण भएको कारिन्दालाई तलको कुनचाहिँ वाक्यले सबैभन्दा राम्रोसँग वर्णन गर्छ ?
क. उसले मालिकको माल-मत्तालाई व्यवस्थापन गर्छ र यसरी ती समृद्धिमा पुग्छन्।
ख. उसले जहिले पनि मालिकको इच्छालाई प्राथमिकता दिन्छ।

ग. उसले केही गल्ती गर्‍यो भनी कसैले पनि उसलाई दोष लगाउन सक्दैन ।

५. कारिन्दाको विश्वासयोग्यताको गुणलाई उल्लेख गर्ने बाइबल पद वा खण्ड कुन हो ?

क. मर्कूस १०:१३-१६ ।

ख. लूका १२:४२ ।

ग. १ कोरिन्थी ४:१-२ ।

घ. याकूब १:५ ।

६. दायाँपट्टि असल कारिन्दाका कर्तव्यहरूको सूची बनाइएको छ। बायाँपट्टि दिइएको प्रत्येक उदाहरणमा ती कर्तव्यहरूको जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| ..... क परमेश्वरले मलाई भन्नुभएको कुरा म पालन गर्छु | | १) आज्ञाहरू पालन गर्नु |
| ..... ख. परमेश्वरले मलाई दिनुभएका कुराहरूलाई मैले के गरें भनी एकदिन मैले परमेश्वरलाई भन्नुपर्नेछ भनी म महसूस गर्छु । | | २) अगुवाइ खोज्नु |
| ..... ग. प्रभुको कामलाई म मेरो समय र खूबी दिन्छु । | | ३) लगानी गर्नु |
| ..... घ. परमेश्वरका कुराहरू म उहाँलाई नै दिन्छु । | | ४) हिसाब दिनु |
| ..... ङ. नयाँ मौकालाई सामना गर्दा मैले के गर्नुपर्ने सो देखाउनुहोस् भनी म परमेश्वरसँग विन्ती गर्छु । | | |

७. हामीले लगानी गर्नुपर्छ भनी परमेश्वरले प्रतीक्षा गर्नुहुन्छ भन्ने विषयमा कसैलाई सिकाउनका लागि सबैभन्दा उपयोगी बाइबल पद वा खण्ड कुन हुनसक्छ ?

क. मत्ती २५:१४-२३

ख. मर्कूस १०:४५

ग. १ कोरिन्थी ९:१६

घ. फिलिप्पी ३:८

८. लगानी गर्नका लागि प्रभुले आफूलाई केही पनि दिनुभएको छैन भनी कसैले तपाईंलाई बतायो । तपाईं के गर्नुहुन्छ ?

क. यस पृथ्वीमा आफ्नो जीवन जिउँदा उसले आफ्नो सम्पत्तिलाई कसरी लगानी गरेको छ भन्ने कुराको हिसाब ऊ लगायत हरेक व्यक्तिले दिनुपर्छ भनी बाइबलले बताएको हुनाले ऊ भूलमा छ भनी उसलाई देखाउनु ।

ख. उसको प्राण र उसको समय पनि मूल्यवान् छ भनी बाइबलबाट उसलाई देखाउनु । परमेश्वरको निम्ति उसले लगानी गर्न सकोस् भनी परमेश्वरबाट हरेक व्यक्तिलाई वरदान दिइएको छ भन्ने बाइबल पदहरू पढेर उसलाई सुनाउने ।

तपाईंले पाठ ३ को अध्ययनलाई निरन्तरता दिनुभन्दा पहिले, एकाइ १ को तपाईंको एकाइ विद्यार्थी प्रतिवेदनलाई पूरा गर्नुहोस् र उत्तर पृष्ठलाई तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशककहाँ पठाउनुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

६. क. ३) बुद्धि ।
   ख. २) इमानदारिता ।
   ग. १) विश्वासयोग्यता
   घ. ३) बुद्धि ।
   ङ. २) इमानदारिता ।

१. ख. कति किलो आलु खनियो भन्ने सम्बन्धमा जीवनले आफ्नो प्रतिवेदन दिन्छन् ।

७. क. मैले नयाँ परिस्थितिको सामना गर्नुपर्दा मेरो जीवनको निम्ति थप निर्देशनको लागि म परमेश्वरमा पर्खन्छु ।
   ग. परमेश्वरको कारिन्दाको रूपमा मेरो निम्ति उहाँले राख्नुभएका निर्देशनहरू के के हुन् भनी जान्न मैले बाइबललाई खोज्नुपर्छ ।

२. ग. आफ्ना थोकहरूका साँचो मालिक परमेश्वरलाई विश्वासीहरूले जवाफ दिनुपर्छ ।

८. समय ।

३. घ. लूका १९:११-२७

९. क. ३) तेस्रो ।
   ख. २) दोस्रो ।
   ग. १) पहिलो ।

४. ग. यूहन्ना १७:४ ।

१०. ख. मत्ती २५:१५ ।

५. तिनीहरूले मानिसहरूका सामु उहाँलाई गलत प्रतिनिधित्व गरिरहेका थिए ।

११. क. म याद गर्छु कि परमेश्वरले मेरा जिम्मामा दिनुभएको सम्पत्तिलाई मैले के गरेको छु भन्ने कुरा मैले परमेश्वरलाई बताउनुपर्नेछ ।
   घ. म परमेश्वरका कुराहरू उहाँलाई दिन्छु, मेरो परिवार र अरूहरूलाई सहयोग गर्छु, र मेरा आवश्यकताहरूको हेरचाहा गर्नका लागि उहाँमा भरोसा राख्छु ।

# एकाइ दुइ

# कारिन्दापन र हामी आफै

